# सिम्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
राकम, सुर्खेत
कर्णाली प्रदेश, नेपाल


पत्र संख्या : २०८२/०८३
चलानी नम्बर : ६२६

**शैक्षणिक स्रोत व्यक्ति (Pedagogical Resource Person - PRP) आवश्यकता सम्बन्धी सूचना ।**

(तेस्रो पटक प्रकाशित मितिः २०८२।०७।२७)

प्रस्तुत विषयमा सिम्ता गाउँपालिका, TECSES (Technical Support Coorperation to the School Education Sector) Nepal र कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबिच भएको सम्झौता अनुसार शैक्षणिक स्रोत व्यक्ति (Pedagogical Resource Person (PRP) नियुक्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | सेवा | किसिम |
|---|---|---|---|---|---|
| १ | ०२-२०८२/०८३ | शैक्षणिक स्रोत व्यक्ति (Pedagogical Resource Person - PRP) | १ (एक) | करार | खुला |

**१. आवश्यक न्यूनतम योग्यताः**

(क) नेपाली नागरिक,

(ख) शिक्षाशास्त्र संकायमा स्नातकोत्तर गरेको,

(ग) उमेर २१ वर्ष पूरा भई ६५ वर्ष ननाघेको र प्रचलित कानुनले अयोग्य नभएको,

(घ) माध्यमिक तहको स्थायी शिक्षक पदमा कम्तिमा दश वर्षको अनुभव भएको वा नेपाल शिक्षा सेवाको अधिकृतस्तरको पदमा कम्तिमा दश वर्ष सेवा गरेको ।

(ङ) शिक्षक तालिम सम्बन्धी सहजीकरण, शिक्षण सामग्री निर्माण तथा Mentoring गर्ने सीप र अनुभव भएको,

(च) शिक्षण विधि (Education Technology) र डिजिटल सिकाइ प्लेटफर्महरुको प्रयोग गर्न सक्ने सीप र अनुभव भएको,

(छ) प्रचलित कानुनले अयोग्य नभएको,

(ज) कुनै पनि राजनैतिक दलको सदस्य नरहेको ।

**२. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एक प्रति,

(ख) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि एक एक प्रति,

(ग) कार्य अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु एक एक प्रति,

(घ) पासपोर्ट साइजको फोटो ३ प्रति ।

दरखास्त दिने अन्तिम मिति २०८२ मंसिर ०३ गते (उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र । दरखास्त दस्तुर रु. १५०० सिम्ता गाउँपालिकाको राजस्व खातामा जम्मा गरेको सक्कलै भौचर । दरखास्त फारामको लागि सिम्ता गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुपर्ने छ ।

जगत बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत



CamScanner